१.१ अर्थ मन्त्रालयसँग सम्बन्धित सार्वजनिक विवरण

# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा नियमावली, २०६५ को नियम ३ को प्रयोजनार्थ

## (२०८० श्रावण देखि २०८० आसोज सम्म)



**अर्थ मन्त्रालय**

**सिंहदरबार**

**कार्तिक,२०८०**

**www.mof.gov.np**

## १. अर्थ मन्त्रालयको परिचय र उद्देश्य

### पृष्ठभूमिः

मुलुकको आर्थिक, वित्तीय तथा मौद्रिक व्यवस्थापन, समष्टिगत आर्थिक स्थायित्व तथा आर्थिक विकास क्षेत्रसँग सम्बन्धित सम्पूर्ण गतिविधिहरूको व्यवस्थापन अर्थ मन्त्रालयको प्रमुख जिम्मेवारी हो। सार्वजनिक खर्च व्यवस्थापन, अन्तर सरकारी वित्त व्यवस्थापन, राजस्व संकलन, वैदेशिक सहायता व्यवस्थापन, नेपाल सरकारको आर्थिक प्रशासन, बैंकिङ्ग तथा वित्तीय क्षेत्र व्यवस्थापन, विदेशी विनिमय, बीमा र पूँजी बजारको व्यवस्थापन र नियमन, सार्वजनिक संस्थानको समग्र नीतिगत विषय तथा नेपाल सरकारको आर्थिक नीति एवं बजेट तर्जुमा र कार्यान्वयन अर्थ मन्त्रालयको जिम्मेवारीमा रहेको छ।

### दीर्घकालीन सोचः

नतिजामूलक सबल आर्थिक तथा वित्तीय व्यवस्थापनबाट अर्थतन्त्रको क्षमता अभिवृद्धि गरी दिगो, फराकिलो तथा उच्च दरको आर्थिक वृद्धि र सामाजिक न्याय सहितको विकासमा योगदान मार्फत सवल, समृद्ध र समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्ने।

### उद्देश्यः

सार्वजनिक वित्तको प्रभावकारी र समुचित उपयोगबाट आर्थिक विकास, समष्टिगत आर्थिक स्थायित्व र अर्थतन्त्रको सुदृढीकरणमा सहयोग पुऱ्याउने।

### रणनीतिः

- दक्ष, व्यवसायिक, स्वच्छ, सुदृढ एवम् करदातामैत्री कर प्रशासनको विकास गरी प्रक्रियागत सरलीकरण र सूचना प्रविधिको प्रयोग बढाई करयोग्य सवै किसिमका आर्थिक क्रियाकलापहरूलाई करको दायरामा ल्याउने।
- सार्वजनिक खर्चलाई राष्ट्रिय प्राथमिकताका क्षेत्रहरूमा प्रभावकारी र न्यायोचित रुपमा विनियोजन गरी उच्च आर्थिक वृद्धि हासिल गर्ने।
- सार्वजनिक खर्चलाई मितव्ययी, प्रभावकारी र अनुशासित तुल्याउने।
- वैज्ञानिक, अनुमानयोग्य र पारदर्शी राजस्व प्रणालीको विकासबाट निजी लगानी मैत्री वातावरण सिर्जना गरी उत्पादनमूलक उद्योग तथा व्यवसाय प्रवर्द्धन र औद्योगिक संरक्षण प्रदान गर्ने। प्रदान गर्ने सेवा प्रवाह प्रणाली बीचमा प्रभावकारी सम्बन्ध स्थापित गर्ने।
- वित्तीय उत्तरदायित्व सम्बन्धी कानूनको कार्यान्वयन गर्दै पारदर्शी र उत्तरदायी आर्थिक तथा वित्तीय सूचना प्रणाली अवलम्वन गर्ने।
- निकासा, लेखाङ्कन र अन्तरिक लेखापरीक्षण गर्ने।
- अन्तर्राष्ट्रिय विकास सहायता परिचालन गर्दा सबै क्षेत्र, वर्ग र समुदायको सन्तुलित विकासमा ध्यान दिने।

- उच्च आर्थिक वृद्धिदर हासिल गर्ने, उत्पादन र उत्पादकत्व बढाउने, रोजगारीका अवसरहरु व्यापक रुपमा सिर्जना गर्ने।
- अन्तर्राष्ट्रिय विकास सहायतालाई मुलुकको विकासका पूर्वशर्त मानिने क्षेत्र र विषयहरुमा केन्द्रित गर्ने।
- राष्ट्रिय बजेट प्रणालीमा आवद्ध हुनेगरी अन्तर्राष्ट्रिय विकास सहायता प्राप्त गर्ने र सहायता व्यवस्थापन सूचना प्रणाली सुदृढ गरी पारदर्शिता अभिवृद्धि गर्ने।
- अन्तरसरकारी वित्त व्यवस्थापनलाई प्रभावकारी तुल्याउँदै वित्तीय संघीयता कार्यान्वयन मार्फत स्रोत र साधनको उच्चतम प्रतिफलयुक्त ढङ्गले परिचालन गर्ने।
- वित्तीय संस्था र वित्तीय उपकरणहरूको माध्यमबाट उत्पादन र बजारको सुदृढीकरण गरी सक्षम वित्तीय प्रणालीको विकास गर्ने।
- सरकारी स्वामित्वमा रहेका संस्थानहरूको व्यवसायिक सञ्चालन गर्ने।
- आन्तरिक ऋण परिचालन गर्दा निजी क्षेत्रलाई स्रोतको अभाव नहुने गरी राष्ट्रिय प्राथामिकता प्राप्त विकास कार्यक्रममा परिचालन गर्ने।
- आन्तरिक ऋण व्यवस्थापन र बाह्य ऋण व्यवस्थापनलाई एकीकृत रुपमा छुट्टै निकाय मार्फत सञ्चालन गर्ने।

## २. कार्यक्षेत्रः


नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू देहाय अनुसार रहेका छन्ः

- आर्थिक अवस्थाको विश्लेषण, आर्थिक तथा वित्त सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन,
- आर्थिक साधनको बाँडफाँट, कुल राष्ट्रिय लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन,
- समष्टिगत आर्थिक स्थायित्व, मूल्यस्थिरता सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन,
- विकास सहायता नीतिको तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,
- केन्द्रीय बैंक सञ्चालन, नियमन र मौद्रिक तथा कर्जा नीति,
- बैंक तथा वित्तीय संस्थाहरू सम्बन्धी नीति, कानून, समन्वय र नियमन,
- विदेशी मुद्रा सम्बन्धी कानून, नियमन तथा नियन्त्रण,
- आर्थिक तथा सामाजिक विकास र मुद्रा तथा बैङ्किङ्ग सम्बन्धी द्विपक्षीय, बहुपक्षीय अन्तर्राष्ट्रिय संस्थाहरूसँग सम्पर्क र समन्वय,

- वैदेशिक ऋण अनुदान तथा अन्य द्विपक्षीय र बहुपक्षीय सहायता सम्बन्धी सन्धि, सम्झौता र कार्यान्वयन,
- संघीय सञ्चितकोष वा संघीय सरकारी कोष सञ्चालन, राजस्व र व्ययको अनुमान, विनियोजन ऐन, पुरक अनुमान, पेश्की खर्च, उधारो खर्च, आकस्मिक कोष र अन्य सरकारी कोष,
- बजेट तर्जुमा कार्यान्वयन र नियमन,
- सरकारी जमानत,
- संघ, प्रदेश र स्थानीय तहको आन्तरिक र वैदेशिक ऋण एवं अनुदान सम्बन्धी नीति, कानून र नियमन,
- तलब, भत्ता तथा उपदान निवृत्तिभरण लगायतका सेवा सुविधा र आर्थिक दायित्व सम्बन्धी विषय,
- संघ प्रदेश र स्थानीय तहको सार्वजनिक पदाधिकारीको सुविधा सम्बन्धी नीति कानून र मापदण्ड,
- सरकारी बाँकी रकमको अभिलेखीकरण र असुली,
- राजस्व सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, प्रक्षेपण, कार्यान्वयन र नियमन,
- राजस्व प्रशासनको सञ्चालन र सुदृढीकरण,
- सार्वजनिक खर्च सम्बन्धी नीति, कानून, कार्यान्वयन र नियमन,
- आर्थिक कार्यविधि सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,
- लेखा तथा लेखापरीक्षण प्रणाली,
- सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन,
- संघ, प्रदेश र स्थानीय तहबीच वित्तीय हस्तान्तरण सम्बन्धी नीति, कानून, कार्यान्वयन, समन्वय र नियमन,
- संघीय विनियोजन, राजस्व, विभाज्य कोष, धरौटी, कार्य सञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पत्ति व्यवस्थापन,
- भन्सार, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर, आयकर, राहदानी शुल्क, भिसा शुल्क, पर्यटन दस्तुर एवं अन्य कर तथा गैरकर, सेवा शुल्क दस्तुर लगायतका सेवा शुल्कहरूको लक्ष्य निर्धारण, प्रशासन, सङ्कलन र बाँडफाँट,
- कर तथा भन्सार राजस्व सम्बन्धी द्विपक्षीय, क्षेत्रीय, बहुपक्षीय समन्वय सन्धि, सम्झौता, समझदारी, कार्यान्वयन र नियमन,
- राजस्व सम्बन्धी तथ्याङ्क अभिलेखन र सूचना आदान प्रदान,
- धितोपत्र तथा कमोडिटी बजार सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,

- बीमा सम्बन्धी नीति कानून मापदण्ड र नियमन,
- संघ, प्रदेश र स्थानीय तहमा राजस्व र प्राकृतिक स्रोत उपयोग वा लाभको बाँडफाँट सम्बन्धी नीति, कानून, मापदण्ड र कार्यान्वयन,
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सम्पर्क मन्त्रालयको कार्य,
- महालेखापरीक्षकको कार्यालयको सम्पर्क मन्त्रालयको कार्य,
- निक्षेप तथा कर्जा सुरक्षण कोष, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, अवकास कोषको कार्य अनुगमन गर्ने कार्य,
- सरकारी स्वामित्वमा भएका संस्थानको नियमन, नियन्त्रण, समन्वय र निर्देशन तथा तलब, भत्ता, बोनस, लगानी र लाभांश सम्बन्धी नीति निर्धारण,
- राजस्व र आर्थिक प्रशासन सम्बन्धी तालिम अध्ययन र अनुसन्धान,
- सार्वजनिक संस्थानहरू र निजीकरण सम्बन्धी नीति, कानून, मापदण्ड अनुगमन र नियमन,
- मन्त्रालय सम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन,
- नेपाल लेखापरीक्षण सेवाको सञ्चालन।

# अर्थ मन्त्रालयको स्वीकृत संगठन संरचना



## ३. अर्थ मन्त्रालयसँग सम्बन्धित ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्डको विवरण

अर्थ मन्त्रालयलाई निर्दिष्ट गरिएका कार्यहरू सम्पादन गर्ने सिलसिलामा मन्त्रालय र अर्न्तगतका निकायहरूले निम्नानुसारका कानूनको प्रयोग तथा परिपालना गर्नु पर्नेछ।

**<u>ऐनहरू</u>**

- निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३
- कर्मचारी सञ्चय कोष ऐन,२०१९
- विदेशी विनिमय (नियमित) गर्ने ऐन, २०१९
- राष्ट्रिय बीमा संस्थान ऐन,२०२५
- मदिरा ऐन, २०३१
- राजस्व न्यायाधिकरण ऐन, २०३१
- नागरिक लगानी कोष ऐन,२०४७
- बीमा ऐन,२०४९
- निजीकरण ऐन,२०५०
- मूल्य अभिवृद्धि कर ऐन,२०५२
- ऋण तथा जमानत ऐन,२०५२
- अन्तर्राष्ट्रिय वित्तीय कारोबार ऐन,२०५४
- आयकर ऐन, २०५८
- अन्तःशुल्क ऐन, २०५८
- नेपाल राष्ट्र बैंक ऐन, २०५८
- बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८
- राष्ट्र ऋण उठाउने ऐन, २०७९
- सार्वजनिक खरिद ऐन, २०६३
- धितोपत्र सम्बन्धी ऐन, २०६३
- सुरक्षित कारोवार ऐन, २०६३
- भन्सार ऐन, २०६४
- बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४
- बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३
- निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३

- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- लेखापरीक्षण ऐन, २०७५
- योगदानमा आधारित निवृत्तभरण कोष ऐन, २०७५
- भुक्तानी तथा फछ्र्यौट ऐन,२०७५
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६
- आर्थिक ऐन, २०८०
- ऋण तथा जमानत ऐन, २०८०
- राष्ट्र ऋण उठाउने ऐन, २०७९
- विनियोजन ऐन, २०८०
- सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९

**<u>नियमावलीहरू</u>**

- मदिरा नियमावली, २०३३
- बीमा नियमावली, २०४९
- मूल्य अभिवृद्धि कर नियमावली, २०५३
- बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५८
- आयकर नियमावली, २०५९
- अन्तःशुल्क नियमावली, २०५९
- धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६३
- धितोपत्र बजार सञ्चालन नियमावली, २०६४
- नेपाल धितोपत्र बोर्ड सम्बन्धी नियमावली, २०६४
- आर्थिक (कार्यविधि) नियमावली, २०६४
- भ्रमण खर्च नियमावली, २०६४
- भन्सार नियमावली, २०६४
- धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४
- धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४
- नेपाल धितोपत्र बोर्ड आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६६

- नेपाल धितोपत्र बोर्ड खरिद सम्बन्धी नियमावली, २०६६
- सामूहिक लगानी कोष नियमावली, २०६७
- धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७
- क्रेडिट रेटिङ्ग नियमावली, २०६८
- धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३
- वस्तु विनियम बजार सम्बन्धी नियमावली, २०७४
- नेपाल धितोपत्र बोर्ड खरिद नियमावली, २०७४
- विशिष्टिकृत लगानी कोष नियमावली, २०७५
- हेजिङ्ग सम्बन्धी नियमावली, २०७५
- धितोपत्र सूचीकरण तथा कारोबार नियमावली, २०७५
- कर्जा सुरक्षण नियमावली, २०७५
- निक्षेप सुरक्षण नियमावली, २०७५
- योगदानमा आधारित निवृत्तभरण कोष नियमावली, २०७६
- प्राईभेट फर्म रजिष्ट्रेसन नियमावली (तेह्रौं संशोधन) नियमावली, २०७६
- कर्जा सुरक्षण (दोश्रो संशोधन) नियमावली, २०७७
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व पहिलो संशोधन नियमावली, २०७७

**<u>निर्देशिकाहरू</u>**

- आयकर निर्देशिका, २०६६ (तेस्रो संशोधन २०७७)
- अन्तःशुल्क निर्देशिका, २०६८ (परिमार्जित संस्करण २०७६)
- मूल्य अभिवृद्धि कर निर्देशिका, २०६९ (दोश्रो संशोधन २०७६)
- जग्गा तथा घर जग्गा निसर्गको पूँजीगत लाभकर सम्बन्धी निर्देशिका, २०७२ (पहिलो संशोधन २०७६)
- बैदेशिक भ्रमण व्यवस्थापन निर्देशिका, २०७५
- कार्य सञ्चालन निर्देशिका, २०७७
- प्रदेश तथा स्थानीय तहको लागि लैंगिक उत्तरदायी बजेट नमूना निर्देशिका, २०७७
- सार्वजनिक खर्चलाई मितव्ययीता कायम गर्ने निर्देशिका, २०७८
- ढुवानी सेवामा मूल्य अभिवृद्धि कर कार्यान्वयन निर्देशिका, २०८०

**<u>कार्यविधिहरू</u>**

- आर्थिक पुनरुद्धार कोष (स्थापना र सञ्चालन) कार्यविधि, २०७२
- नवीकरणीय उर्जा अनुदान (पहिलो संशोधन) नीति, २०७३
- प्रदेश र स्थानीय तहको सञ्चित कोष सञ्चालन कार्यविधि, २०७४
- ग्रामीण स्वावलम्बन कर्जा कार्यविधि, २०७५
- सामुहिक जीवन बीमा सञ्चालन कार्यविधि, २०७५
- सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७६
- राष्ट्रसेवक कर्मचारीहरूको सावधिक जीवन बीमा सम्बन्धी कार्यविधि, २०७६
- रक्सौल अमलेखगञ्ज पेट्रोलियम पाईपलाईन मार्फत इन्धन ढुवानीका लागि भन्सार जाँचपास सम्बन्धी कार्यविधि, २०७६
- समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७६
- विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७६
- नव प्रवर्तन शुरुवाती पुँजी अनुदान कार्यविधि, २०७७
- नव प्रवर्तन शुरुवाती पुँजी कर्जा प्रवाह कार्यविधि, २०७७
- सहलगानी सम्बन्धी कार्यविधि, २०७७
- व्यावसायिक निरन्तरता कर्जा प्रवाह कार्यविधि, २०७७
- कोभिड-१९ को महामारीबाट प्रभावित अतिविपन्न परिवार नगद हस्तान्तरण कार्यविधि, २०७८
- वैदेशिक रोजगार सेवा शुल्क र बैदेशिक पर्यटन शुल्क सम्बन्धी कार्यविधि, २०८०

## नीति, मापदण्ड र आदेश

- अर्थ मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयन सम्बन्धी मापदण्ड, २०७३ (पहिलो संशोधन)
- घर जग्गा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७४
- अर्थ मन्त्रालय र अन्तर्गतका कर्मचारीहरूको आचारसंहिता, २०७५
- बजेट तर्जुमा दिग्दर्शन, २०७५
- अन्तराष्ट्रिय आर्थिक सहायता परिचालन नीति, २०७६
- प्रदेश तथा स्थानीय तहमा अन्तर्राष्ट्रिय विकास सहायता परिचालन सम्बन्धी मापदण्ड, २०७६
- प्रदेश तथा स्थानीय तह बजेट कार्यान्वयन मार्गदर्शन, २०७६
- नेपाल सरकार र प्रदेश सरकार बीच समन्वय र सम्पर्क गर्ने सम्बन्धी मार्गदर्शन, २०७६
- एकीकृत सामाजिक सुरक्षा नीति, २०७६
- आयोजनाको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड, २०८०

- ढुङ्गा, गिट्टी, बालुवाको पहिचान, विकास र उत्खनन् सम्बन्धी नीति, २०७७
- सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८

## ४. अर्थ मन्त्रालयले गर्ने कार्य र सेवाः

(क) माथि उल्लिखित कार्य क्षेत्र अन्तर्गतका नीतिगत कार्यहरु र

(ख) मन्त्रालयको दैनिक प्रशासन सञ्चालन सम्बन्धी कार्यहरु।

## ५. सचिवालय, महाशाखा, जिम्मेवार अधिकारी र टेलिफोन नम्वरः

| सि.नं |  | जिम्मेवार अधिकारी | फोन नं. |
|---|---|---|---|
| १. | माननीय अर्थमन्त्री | डा.प्रकाशशरण महत | ४२११३९० |
| २. | सचिव | डा.कृष्णहरि पुष्कर | ४२११३३२ |
| ३. | सचिव (राजस्व) | डा. राम प्रसाद घिमिरे | ४२११८०४ |
| ५. | प्रशासन महाशाखा | सहसचिव आनन्द काफ्ले | ४२११३०० |
| ४. | राजस्व व्यवस्थापन महाशाखा | सहसचिव रितेश कुमार शाक्य | ४२११३१५ |
| ६. | बजेट तथा कार्यक्रम महाशाखा | सहसचिव उत्तर कुमार खत्री | ४२११८०१ |
| ७. | कानून तथा फैसला कार्यान्वियन महाशाखा | सहसचिव अर्जुन कुमार खड्का | ४२११८१३ |
| ८. | वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा | सहसचिव भुपाल बराल | ४२११३७७<br>४२११३१८ |
| ९. | आर्थिक नीति विश्लेषण महाशाखा | सहसचिव बाबुराम सुवेदी | ४२११३२६ |
| १०. | योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा | सहसचिव धनिराम शर्मा | ४२००५३७ |
| ११. | अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा | सहसचिव श्रीकृष्ण नेपाल | ४२११३७१ |
| १२. | वित्तीय संघीयता समन्वय महाशाखा | सहसचिव इश्वरी प्रसाद अर्याल | ४२११३१६ |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

### (क) सूचना दिँदा लिनुपर्ने शुल्क/दस्तुर

- सूचना मागको निवेदन दिँदा कुनै शुल्क वा दस्तुर लाग्दैन।
- सामान्य आकारको (आठ दशमलव तीन इञ्च चौडाई र एघार दशमलब सात इञ्च लम्बाई सम्म साइज भएको) कागजमा तयार गरिएको वा रहेको दश पृष्ठ सम्मको सूचना निःशुल्क उपलव्ध गराइनेछ।
- दश पृष्ठ भन्दा धेरै सूचना दिँदा निम्न अनुसार शुल्क लिइनेछ।

- सामान्य आकारको (आठ दशमलब तीन इञ्च चौडाई र एघार दशमलब सात इञ्च लम्बाइसम्म आकार भएको) कागजमा तयार गरिएको वा रहेको दश पृष्ठभन्दा बढी सूचनाको लागि प्रति पृष्ठ पाँच रूपैयाँ लाग्नेछ।
- माथि उल्लेख भए भन्दा ठूलो आकारको कागजमा तयार गरिएको वा रहेको सूचनाको लागि प्रति पृष्ठ दश रूपैयाँ दस्तुर लाग्नेछ। शुरुका दश पेज निःशुल्क दिनुपर्ने बाध्यता यसमा रहने छैन।

- डिस्केट, सीडी र अन्य यस्तै प्रकारका डिजिटल माध्यम र प्रविधिद्वारा प्रदान गरिने सूचनाको लागि प्रति डिस्केट, सीडी वापत पचास रूपैयाँ दस्तुर लाग्नेछ।
- कुनै सूचना तयार गर्दा माथि लेखिए भन्दा बढी खर्च लाग्ने भएमा वास्तविक लागतको आधारमा दस्तुर लिइनेछ।
- सार्वजनिक निकायमा रहेका कुनै लिखत, सामग्री वा सो निकायको काम कार्यबाही अध्ययन वा अवलोकन वा सार्वजनिक महत्वको निर्माण कार्य भइरहेको स्थलको भ्रमण वा अवलोकन आधा घण्टाभन्दा बढी समय गर्ने भएमा प्रतिघण्टा प्रतिव्यक्ति पचास रुपैयाँ दस्तुर लाग्नेछ। तर सार्वजनिक पुस्तकालय र सार्वजनिक रुपमा निःशुल्क उपलब्ध गराइएको स्थानको अवलोकन वापत दस्तुर लाग्ने छैन।
- प्रचलित कानूनमा सूचना माग गर्दा लाग्ने दस्तुरको सम्बन्धमा छुट्टै व्यवस्था भएकोमा भने सोही बमोजिम दस्तुर लाग्नेछ।
- मुल्य राखी बिक्री वितरण गर्ने मुद्रित वा कुनै पनि माध्यमको सूचना सामग्रीको दस्तुर त्यसमा अंकित वा निर्धारित मुल्य बमोजिम नै हुनेछ।
- अर्थ मन्त्रालयको उद्देश्य र कार्यक्षेत्र भित्रका कामकारवाहीको प्रवर्द्धनका लागि वितरण गरिने सूचना-सामग्रीमा शुल्क लाग्ने छैन।

## (ख) सूचना उपलब्ध गराए बापत शुल्क लिने तरिका

- सार्वजनिक निकायले सूचना दिंदा लिने दस्तुर बापतको रकम नगदै लिने वा कुनै खास बैंकमा जम्मा गरी सोको भौचर पेश गर्न लगाउन वा सो रकम बराबरको टिकट निवेदनमा टाँस गर्न लगाउन सक्नेछ।

## (ग) सेवा प्राप्त गर्न लाग्ने अवधि

- सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ ले तोकेको अवधि भित्र निवेदन प्राप्त भएपछि सूचना अधिकारीले तत्काल उपलब्ध गराउन सकिने प्रकृतिको सूचना भए तत्काल र तत्काल उपलव्ध गराउन नसकिने प्रकृतिको सूचना भए निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निवेदकलाई उपलव्ध गराईनेछ। कुनै व्यक्तिको जीउ ज्यानको सुरक्षासँग सम्बन्धित सूचना माग गरेको पाइएमा २४ घण्टाभित्र उपलव्ध गराइने छ।
- अन्य विशेष ऐन नियममा अवधि तोकिएकोमा सोही बमोजिम हुनेछ।

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारीः

**(क) निर्णय प्रक्रिया सम्बन्धमाः**

- **मन्त्रालयले उपलव्ध गराउने सेवा सम्बन्धमाः**
  - सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५ बमोजिम।
- **सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गरिने सूचना सम्बन्धमाः**
  - सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ बमोजिम।

**(ख) निर्णय गर्ने अधिकारी सम्बन्धमाः**

- मन्त्रीस्तरबाट
- सचिवस्तरबाट

## ८. सम्पादन गरेका मुख्य मुख्य कामको विवरणः

### ८.१ आर्थिक वर्ष २०८०/८१ को बजेट

नेपाल सरकारको कूल बजेट रू. १७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाख मध्ये चालु खर्च रू. ११ खर्ब ४१ अर्ब ७८ करोड ४१ लाख अर्थात् ६५.१९ प्रतिशत, पुँजीगत तर्फ रू. ३ खर्ब ०२ अर्ब ०७ करोड ४४ लाख अर्थात् १७.२५ प्रतिशत र वित्तीय व्यवस्था तर्फ रू.३ खर्ब ०७ अर्ब ४५ करोड अर्थात् १७.५६ प्रतिशत बिनियोजन भएको थियो।

### ८.२ सार्वजनिक खर्च व्यवस्थापन

<u>आ.ब.२०८०/८१ को श्रावण देखि आश्विनमसान्तसम्मको चालु र पुँजीगत खर्चको गत आ.ब.र यस आ.ब.को तुलनात्मक प्रगति विवरणः</u>

| विनियोजित शीर्षक | बार्षिक विनियोजित रकम (रु.हजारमा) | | खर्च रकम (रु.हजारमा) | | प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | आ.ब.२०७९/८० | २०८०/८१ | आ.ब.२०७९/८० को श्रावण देखि आश्विन | २०८०/८१ को श्रावण देखि आश्विन | आ.ब.२०७९/८० को श्रावण देखि आश्विन | २०८०/८१ को श्रावण देखि आश्विन |
| चालुतर्फ | ११८३२३५१०० | ११४१७८४१०० | २२३७५५३०४ | २१४५३१३१० | १८.९१ | १८.७९ |
| पुँजीगततर्फ | ३८०३८४५०० | ३०२०७४४०० | १९६८१०७७ | १७७४५१५९ | ५.१७ | ५.८७ |
| वित्तिय व्यवस्थातर्फ | २३०२१७७०० | ३०७४५३६०० | ३४७३२४६७ | ४९३४८९७५ | १५.०९ | १६.०५ |
| **जम्मा** | **१७९३८३७३००** | **१७५१३१२१००** | **२७८१६८८४७** | **२८१६२५४४९** | **१५.५१** | **१६.०८** |

**क. चालुतर्फ** गत आ.ब.को श्रावण देखि आश्विन मसान्तसम्मको तुलनामा यस आ.व.को सोही अवधीसम्ममा ०.१२ प्रतिशतले कम भएको छ।

**ख. पुंजिगततर्फ** गत आ.ब.को श्रावण देखि आश्विन मसान्तसम्मको तुलनामा यस आ.व.को सोही

अवधीसम्ममा ०.६१ प्रतिशतले बृद्धि भएको छ ।

**ग.** वित्तिय **व्यवस्थातर्फ** गत आ.ब.को श्रावण देखि आश्विन मसान्तसम्मको तुलनामा यस आ.व.को सोही अवधीसम्ममा ०.९६ प्रतिशतले कम भएको छ ।

**आ.ब.२०८०/८१ को श्रावण देखि आश्विन मसान्तसम्मको अर्थ मन्त्रालयको खर्चको फाँटबारी यसै पत्र साँथ संलग्न छ।**

| विनियोजित शीर्षक | बार्षिक विनियोजित रकम (रु.हजारमा) | खर्च रकम (रु.हजारमा) २०८०/८१ को श्रावण देखि आश्विन | प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| चालु खर्चतर्फ | २९३२६९३०.०३१ | २४०८८४१ | ८.२१ | |
| पुँजिगत खर्चतर्फ | १११२७८०० | ६०६३९ | ०.५४ | |
| बितिय खर्चतर्फ | ०.०० | ०.०० | ० | |
| जम्मा | ४०४५४७३०.०३१ | २४६९४८१ | ६.१ | |

**आ.ब.२०८०/८१ को श्रावण देखि आश्विन मसान्तसम्ममा जारी भएको ऐन, नियम, नीति, कार्यविधि, निर्देशिका, आदेश र मापदण्डको विवरण:**

१. सवारी साधन सुविधा प्राप्त गर्ने कर्मचारीलाई इन्धनबापत नगद प्रदान गर्ने निर्देशिका, २०८० नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०८०/०६/१६ मा स्वीकृत भएको।

२. आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८० नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०८०/०६/१६ मा स्वीकृत भएको।

३. आर्थिक वर्ष २०८०/८१ को बजेट बक्तव्यको बुदाँ नं.४४५ मा उल्लेखित संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम अन्तर्गत आयोजना तथा कार्यक्रम छनौट तथा कार्यान्वयन सम्वन्धमा “निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम सञ्चालन नियमावली, २०८०” को मस्यौदा तयार गर्ने प्रयोजनको लागि माननीय अर्थ मन्त्रीज्यूवाट मिति २०८०/०३/२१ मा समिति गठन भई उक्त समितिवाट मस्यौदा तयार गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा राय/सहमतिको लागि पठाइएकोमा सम्मानित सर्बोच्च अदालतमा उक्त बिषयमा मुद्धा दायर भई बिचाराधिन रहेको ।

४. आर्थिक वर्ष २०८०/८१ को बजेट बक्तव्यको बुदाँ नं.६६ मा उल्लेखित आत्मनिर्भर अर्थतन्त्रको आधारःस्वदेशमै उत्पादन र रोजगारीको अवसर बृद्धि गरी आत्मनिर्भर अर्थतन्त्रको विकास गर्न सबै स्थानीय तहमा राष्ट्रिय उत्पादन र रोजगार प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न “राष्ट्रिय उत्पादन र रोजगार प्रवर्द्धन कार्यक्रम सञ्चालन निर्देशिका, २०८०” को मस्यौदा तयार भई छलफलको क्रममा रहेको ।

५. आन्तरिक नियन्त्रण प्रणाली दिग्दर्शन, २०८० महालेखा नियन्त्रक कार्यालयबाट तयार भई नेपाल सरकार, नेपाल सरकार, मन्त्रिपरिषद्मा स्वीकृतिको लागि मिति २०८०/०५/२१ मा प्रस्ताव पेश भएको।

**<u>बजेट तथा कार्यक्रम सम्वन्धि आ.ब.२०८०/८१ को श्रावण देखि आश्विन मसान्तसम्मको अवधिमा सम्पादित प्रमुख तथा उल्लेखनीय कार्यहरुः</u>**

१. आर्थिक वर्ष २०८०/८१ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन सवै **मन्त्रालय/आयोग/कार्यालयहरुमा (सार्बजनिक ऋण व्यवस्थापन कार्यालय र म.ले.नि.का.मा छुट्टा/छुट्टै)** जारी गरी बजेट कार्यान्वयनका लागि सहजिकरण गरिएको।

२. नगद प्रवाह समितिलाई प्राविधिक सुझाव दिन (TOR) सहित नगद प्रवाह प्राविधिक इकाई गठन गरिएको।

३. आर्थिक वर्ष २०८०/८१ को बजेट बक्तव्यको बुदाँ नं.४७ तथा अनुसुची-१६ मा उल्लेख भए वमोजिम सरकारको स्थायी संरचना सँग दोहोरो कार्यक्षेत्र परेका, औचित्य समाप्त भएका र परिवर्तित सन्दर्भमा आवश्यक नभएका लगायतका खारेजी, गाभ्ने, पुनसंरचना गर्ने र हस्तान्तरण गरिने निकायको लागि एकमुष्ट विनियोजन भएको रकम बाँडफाट सम्बन्धी सबै मन्त्रालय/ आयोग/कार्यालयहरुमा पत्राचार गरिएको।

४. मन्त्रालयगत सूचना प्रणाली (LMBIS) मा क्रियाकलापको स्तरीकरण गर्ने कार्यदल गठन गरिएको र स्तरिकरणका प्रकृयाहरु शुरु गरिएको।

५. आर्थिक वर्ष २०८०/८१ को बजेट बक्तव्यको बुदाँ नं.५० मा उल्लेखित **"सबै सरकारी निकाय र सार्बजनिक संस्थानमा आगामी आर्थिक बर्ष नयाँ संरचना र दरबन्दी सिर्जना गरिने छैन। सार्बजनिक प्रशासनको विद्यमान संरचना र दरबन्दीको पुनरावलोकन गरी छरितो बनाइनेछ। सम्बन्धीत मन्त्रालय र निकायले आगामी आर्थिक बर्षको मंसिर महिना भित्र संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न गर्नुपर्नेछ"** र ऐ.को बुदाँ नं.४७ समेतलाई कार्यान्वयन गर्ने, गराउने गरी सवै मन्त्रालय/आयोग/कार्यालयहरुले गठन गर्ने **"संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M)"** समितिमा सम्बन्धीत मन्त्रालयको डेक्स हेर्ने उपसचिवहरुलाई तोकिएको र सोही अनुसार सम्बन्धित मन्त्रालयहरुलाई समेत पत्राचार गरिएको।

**<u>देहायका ऐन,नियमावली,कार्यविधिमा राय /सहमति दिईएको ।</u>**

१. एजेन्सी संशोधन एकिकरण पहिलो संशोधन नियम, २०१९।

२. प्राइभेट फर्म रजिष्ट्रेशन नियमावली, २०३४ ।

३. लघु घरेलु तथा साना उद्योग प्रबर्द्धन तथा प्रविधि हस्तान्तरण सम्बन्धी एकिकृत कार्यविधि, २०८०।

४. बिज्ञान प्रविधि इन्जिनियरिङ्ग कला गणित STEAM बिषयमा विश्वविद्यालय स्तरिय प्रयोगात्मक कार्यक्रम सञ्चालन सम्बन्धी, २०८०।

५. लागत साझेदारीमा दक्ष प्राविधिक जनशक्ति बिकास कार्यक्रम कार्यविधि, २०८०।

६. प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप बिकास सम्बन्धी कानूनलाई संशोधन तथा एकिकरण गर्न बनेको विधेयक, २०८०।

७. उच्च पहाडी एवं हिमाली क्षेत्र संबृद्धि कार्यक्रम सञ्चालन कार्यविधि, २०८०।

८. नेपाल नागरिकता (तेस्रो संशोधन) नियमावली, २०८०।

## ८.३ राजस्व परिचालनको अवस्थाः

क) आ.व. २०८०/८१ को आश्विन मसान्तसम्मको राजस्व लक्ष्य तथा संकलनको विवरणः

| कर शीर्षक | आ.व. २०८०/८१ को आश्विन मसान्तसम्मको लक्ष्य (रकम रु लाखमा) | आ.व. २०८०/८१ को आश्विन मसान्तसम्मको संकलन (रकम रु लाखमा) |
|---|---|---|
| **भंसार महशुल** | **७६९,९१६** | **४९६,३६०** |
| पैठारी | ६६१,८७६ | ४०३,८७७ |
| निकासी | १,३५५ | ४३० |
| पूर्वाधार कर | ४३,८१९ | ३६,९६५ |
| भन्सारको अन्य आय | २,९६५ | ८,०४५ |
| कृषि सुधार शुल्क | ३३,९४३ | १७,२२७ |
| सडक मर्मत तथा सुधार दस्तुर | १६,६७० | १९,१८२ |
| सडक निर्माण तथा सम्भार दस्तुर | ९,२८८ | १०,६३४ |
| **मूल्य अभिबृद्धि कर** | **८४६,९११** | **६९०,९२९** |
| उत्पादन, विक्री, सेवा | २७६,२४४ | २६२,१६२ |
| पैठारी | ५७०,६६७ | ४२८,७६७ |
| **अन्तःशुल्क** | **३८३,५७९** | **३४७,१५४** |
| आन्तरिक उत्पादन | २७३,३७९ | २४२,४८० |
| पैठारी | ११०,२०० | १०४,६७५ |
| **शिक्षा सेवा शुल्क** | **४,९३८** | **९,५०७** |
| **आयकर** | **६३६,२७९** | **४५०,६७२** |
| आयकर | ५३१,१९९ | ३५६,०७७ |
| ब्याज कर | १०५,०७९ | ९४,५९५ |
| **कर राजस्व जम्मा** | **२,६४१,६२३** | **१,९९४,६२१** |
| **गैर कर जम्मा** | **२५०,१२९** | **१९६,५३०** |
| **कूल राजस्व** | **२,८९१,७५२** | **२,१९१,१५१** |
| **अन्य प्राप्ति** | | **१५४,५५५** |

| कर शीर्षक | आ.व. २०८०/८१ को आश्विन मसान्तसम्मको लक्ष्य (रकम रु लाखमा) | आ.व. २०८०/८१ को आश्विन मसान्तसम्मको संकलन (रकम रु लाखमा) |
|---|---|---|
| जम्मा राजस्व/प्राप्ति | २,८९१,७५२ | २,३४५,७०६ |

ख) करदाता दर्ता सम्वन्धी विवरणः

| प्रकार | २०८० श्रावण देखी आश्विन मसान्तसम्म | २०८० आश्विन मसान्तसम्म |
|---|---|---|
| व्यवसायिक स्था.ले.नं (ITAX) | ३६७२८ | १९०६५२० |
| मु.अ.करमा दर्ता (VAT) | ८६६१ | ३१५७२९ |
| ब्यक्तिगत स्था.ले.नं (PPAN) | १७५२४० | ३८१९३३२ |
| Withholding PAN(WPAN) | १९३८ | ३००४५ |
| अन्तःशूल्क दर्ता (EXCISE) | ४११५ | ११९५१७ |

ग) २०८० श्रावण देखि आश्विन मसान्तसम्मको अवधिमा जारी भएका ऐन, नियम, नीति, कार्यविधि, निर्देशिका, आदेश र मापदण्डको विवरणः

| क्र.सं. | कार्य सम्पादन प्रगति |
|---|---|
| १. | आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क ऐन र मदिरा ऐन तथा नियमावलीहरुमा २०८० सम्मको आर्थिक ऐन तथा नियमावलीबाट भएका संशोधनहरु समेत समावेश गरी अद्यावधिक कर कानूनहरुको संगालो कानून किताब व्यवस्था समितिबाट प्रकाशन गरिएको। |
| २. | आ.व. २०७९/८० मा जारी गरिएका परिपत्रहरु एकिकृत गरी परिपत्र संग्रह २०७९/८० प्रकाशन गर्ने क्रममा रहेको । |
| ३. | आर्थिक ऐन, २०८० ले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची १ मा संशोधन गरी ढुवानी सेवामा मूल्य अभिवृद्धि कर लाग्ने व्यवस्था गरेकोमा उक्त व्यवस्थाको प्रभावकारी कार्यान्वयनको लागि "ढुवानी सेवामा मूल्य अभिवृद्धि कर कार्यान्वयन निर्देशिका, २०८०" जारी गरिएको। |
| ४. | बिलासिता शुल्क, वैदेशिक रोजगार सेवा शुल्क र बैदेशिक पर्यटन शुल्क सम्बन्धी कार्यविधि, २०८० जारी गरी प्रकाशित गरिएको । |

घ) राजस्व व्यवस्थापन सँग सम्वन्धित आ.व. २०८०/८१ को श्रावण देखि आश्विन मसान्तसम्मको अवधिमा सम्पादित प्रमुख कार्यहरुको विवरणः

- कर प्रणाली सुधारका लागि उच्चस्तरीय समिति गठन गर्ने सन्दर्भमा पूर्व मन्त्री श्री बिद्याधर मल्लीकको अध्यक्षतामा ४ सदस्यिय **कर प्रणाली सुधार सम्बन्धी उच्चस्तरीय सुझाव समिति** गठन भई कार्य प्रारम्भ भएको।

- गैरकर प्रशासन सम्बन्धी छाता कानून तर्जुमा गर्ने सन्दर्भमा गैर कर राजस्व सङ्कलनमा उच्च योगदान रहेका बिषयगत मन्त्रालय, कानून मन्त्रालय, म.ले.नि.का, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय लगायतका निकायका प्रतिनिधि रहने गरी राजस्व व्यवस्थापन महाशाखा प्रमुखको संयोजकत्वमा समिति गठन भएको।
- माननीय उप प्रधानमन्त्री तथा गृहमन्त्री र अर्थमन्त्रीज्यूको समुपस्थितिमा केन्द्रिय राजस्व चुहावट नियन्त्रण समितिको मिति २०८०/०५/२९ गते बैठक सम्पन्न भएको ।
- राजस्व चुहावट नियन्त्रणका लागि कार्ययोजना तयार गरी कार्यान्वयनका लागि सम्बन्धित विभागमा पत्राचार गरिएको ।
- राजस्व चुहावट नियन्त्रण गर्न द्रुत गस्ती टोली परिचालनः विभागका अनुसन्धान शाखा हेर्ने उपमहानिर्देशकको नेतृत्वमा आन्तरिक राजस्व विभाग, भन्सार विभाग र राजस्व अनुसन्धान विभागका उपसचिव/निर्देशक संलग्न Flying Squa गठन गरी परिचालन गर्ने निर्णय भई कार्यान्वयन भएको ।
- आन्तरिक राजस्व विभागबाट कर प्रशासनका लागि सञ्चालन भइरहेको एकीकृत कर प्रणाली, भन्सार विभागबाट मालवस्तु जाँचपास व्यवस्थापनका लागि प्रयोगमा रहेको आशिकुडा र राजस्व अनुसन्धान विभागबाट प्रयोग भइरहेको मालवस्तु तथा ढुवानी साधनको अनुगमन प्रणालीबीच सम्वत् २०८० पुस मसान्तसम्ममा अन्तरआवद्धता कायम गरी स्वचालितरूपमा सूचना आदानप्रदान हुने व्यवस्था मिलाउन आन्तरिक राजस्व विभागका उप-महानिर्देशकको संयोजकत्वमा कार्यदल गठन भई कार्य भइरहेको।
- आर्थिक वर्ष २०८०।०८१ को राजस्व नीति तथा कार्यक्रम एवम् कार्यान्वयन कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइएको ।
- महसुल ऐन तर्जुमा सम्वन्धमा नेपाल सरकार, मन्त्रिपरिषदबाट सैद्धान्तिक स्वीकृति प्राप्त भई मस्यौदा तयारीको चरणमा रहेको ।
- पूर्ण करपरीक्षण भएको संख्या १०९१ वटा सो वाट थप कर निर्धारण भएको रकम जम्मा रु. ७ अर्व ७० करोड।
- जम्मा विस्तृत अनुसन्धान भएको संख्या १०३ वटा सो बाट थप कर निर्धारण भएको रु.५९ करोड ।
- नक्कली तथा झूट्टा बिलको अनुसन्धान/छानविन ७८ वटा सो बाट थप रु.२१ करोड ३१ लाख कर निर्धारण भएको ।
- जम्मा दर्ता खारेजी परीक्षण(Dx) भएको संख्या २६९४ वटा ।
- बजार अनुगमन भएको संख्या ३१४३ वटा ।
- करदाता शिक्षा कार्यक्रम १५० कार्यक्रमबाट ७१९७ करदाता लाभान्वित भएको ।
- कानूनी कारवाहीबाट बक्यौता असुली रु.१४ करोड ।
- बक्यौता असुली तथा समायोजन जम्मा रु.३अर्व ११ करोड ।
- पूर्वानुमानित र कारोबारका आधारमा आय विवरण दाखिला गर्ने करदाताले विद्युतीय माध्यमबाट कर चुक्ता प्रमाणपत्र प्राप्त गर्न सक्ने व्यवस्था गरिएको र उक्त प्रमाणपत्रको आधिकारिकता विभागको वेभसाइटबाट जाँच गर्न मिल्ने गरी प्रणालीमा व्यवस्था गरिएको,
- विभिन्न सुरक्षण विशेषता सहितको अन्तःशुल्क स्टीकर छपाई गरी सहज एवं व्यवस्थित आपूर्तिका लागि Global Tender मार्फत भारतको मद्रास सेक्युरिटी प्रिन्टर्सलाई ९ अर्ब ७७ लाख थान स्टीकर छपाई गरी आपूर्ति गर्ने कार्यादेश दिइएको र उक्त प्रा.लि.बाट पहिलो चरणको आपूर्ति गर्ने क्रममा रहेको,
- मिति २०८० श्रावण ३० र ३१ गते आयोजना गरिएको व्यवस्थापन गोष्ठी, २०८० बाट जारी २० बुँदे प्रतिबद्धता पत्र जारी गरिएको, सोको कार्यान्वयन कार्ययोजना स्वीकृत गरि सबै कार्यलयमा पठाईएको।

करपरिक्षण प्रणालीको सुधारको लागि Audit Report Management System(ARMS) प्रणाली कार्यान्वयमा ल्याईएको ।

## ८.४ अन्तर्राष्ट्रिय आर्थिक सहायता परिचालन

| S.N. | Date of Agreement(A.D) | Date of Agreement (B.S) | Donor | Name of the Project | Type of Assistance | Amount (in millions) | | Sector |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | In Foreign Currency | In NRs. | |
| 1 | 21-Jul-22 | 5 Shrawan 2080 | EU | Quality Education for All | Grant | € 50 | 7380.00 | Education |
| 2 | 22-Jul-23 | 5 Shrawan 2080 | EU | Local Adaption to Climate Change | Grant | € 22 | 3250.00 | Environment |
| 3 | 5-Oct-23 | 18 Ashwin 2080 | Japan | Dhulikhel Hospital and Trauma and Emergency Center | Grant | JPY 3,296.00 | 2950.00 | Health |
| **Total** | | | | | | | | *percentage* |
| | | | | | | **Grant** | **13580.00** | 100.00 |
| | | | | | | **Loan** | **0.00** | 0.00 |
| | | | | | | **Total** | **13580.00** | **100.00** |

| | |
|---|---|
| Total Up to (Ashoj- 2080) | **13580.00** |
| **Different (A-B)** | **0.00** |
| Growth Rate % | **0.00** |

**Loan & Grant total Up to Bhadra 2080 (NRs IN MIL)**

| | | |
|---|---|---|
| Grant | EU | 10630.00 |
| Grant | Japan | 2950.00 |
| Loan | | |
| Total | | 13580.00 |

| Donors | Grant | Loan | Total | *percentage* |
|---|---|---|---|---|
| Bilateral | 13580.00 | | 13580.00 | 100.00 |
| Multilateral | | | 0.00 | 0.00 |
| **Total (NRs in Million)** | **13580.00** | **0.00** | **13580.00** | 100.00 |

| Donorwise | Grant | Loan | Total |
|---|---|---|---|
| Japan | 2950.00 | - | 2950.00 |
| Switzerland | | - | |
| World Bank | - | - | - |
| KOICA | - | - | - |
| Asian Development | - | - | - |
| Chaina | - | - | - |
| German | - | - | - |
| GCF | - | - | - |
| European Union | 10630.00 | - | - |

